वैखरी वाणी, वर्ष १(२), २०८१, असार ISSN : ३०२१९८३३

# विवस्त्र रामायण कथामा मिथकीय पुनर्लेखन

**सीता अधिकारी थापा**
उप–प्राध्यापक, नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान
Email : adhikari.sitath@gmail.com

## लेखसार

प्रस्तुत अध्ययन 'विवस्त्र रामायण' कथामा मिथकीय पुनर्व्याख्यामा आधारित रहेको छ । यस कथामा प्रसिद्ध मिथकीय ग्रन्थ रामायणका सन्दर्भलाई आधार बनाएर पुनर्सिर्जनद्वारा समकालीन समाजको यथार्थलाई प्रस्तुत गरिएकाले यसलाई मिथकीय सिद्धान्तका आधारबाट अध्ययन गर्नु सान्दर्भिक देखिएको छ । मिथकीय सिद्धान्त पाश्चात्य साहित्य चिन्तनमा मूलतः उत्तरआधुनिक मान्यताका रूपमा विकास भएको हो । मनोविज्ञानसँग पनि सम्बन्धित मिथकीय पुनर्लेखनले युङ्गको सामूहिक अचेतनका पृष्ठभूमिबाट अतीतका विषय र घटनाहरूको खोजी गरी आद्यरूपीय विश्लेषण गर्ने काम गर्दछ । 'विवस्त्र रामायण' कथामा प्रयुक्त मिथकीय पुनर्व्याख्याका सन्दर्भहरूलाई पहिचान र विश्लेषण गर्नु यस लेखको प्रमुख समस्या हो । मिथकीय अवधारणामा केन्द्रित रहेर प्रस्तुत कथाको विश्लेषण गरी निष्कर्षमा पुग्नु नै यस लेखको उद्देश्य हो । प्रस्तुत लेखमा प्राथमिक सामग्रीका रूपमा रहेको 'विवस्त्र रामायण' कथाका मिथकीय घटना र पात्रका पुनर्व्याख्यामा मिथकीय पुनर्लेखनको सैद्धान्तिक विधिलाई उपयोग गरिएको छ । 'विवस्त्र रामायण' कथामा पौराणिक कथाकै पृष्ठभूमिका घटना र सन्दर्भलाई समकालीन चेतनाका आधारमा प्रस्तुत गरी घटना, पात्र र तिनका प्रवृत्तिलाई पुनर्लेखन गरिएकाले कथामा मिथकीय चेतना अनुकूल बनेर आएको देखिन्छ । प्रस्तुत लेखमा मिथकीय पुनर्लेखनका माध्यमबाट परम्पराको भञ्जन, लैङ्गिक विभेदको विरोध, वर्तमान नेपालको राजनीतिक, सामाजिक अवस्थासँग सम्बद्ध तुल्याई पुनर्व्याख्या गरिएकाले कथामा मिथकीय पुनर्लेखनको प्रभावकारी प्रयोग भएको निचोड रहेको छ ।

*शब्दकुञ्जी:* आद्यरूपीय, उत्तरआधुनिक, पुराकथा, मिथकीय विनिर्माण, पुनसिर्जन

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०१/१२, लेख पुनरावलोकन मिति : २०८०/०२/१७, लेख स्वीकृत मिति : २०८०/०२/२९ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नलको होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v1i2.69853

## विषयपरिचय

'विवस्त्र रामायण' कथा कथाकार अर्चना थापाको कठपुतला (२०७५) सङ्ग्रहमा सङ्कलित रहेको छ । 'विवस्त्र रामायण' भनेको परम्परावादी पाखण्डबिनाको उदाङ्गो रामायण हो (थापा, २०७५, पृ.१६८)। अर्थात 'वस्त्रबिनाको नाङ्गो रामायण' प्रतीकात्मक शीर्षक रहेको यस कथामा प्रसिद्ध पौराणिक ग्रन्थ रामायणका विभिन्न पात्रको मिथकीय पुनर्लेखनका माध्यमबाट पुनर्व्याख्या गरिएको छ । मूलतः रामायणकी प्रमुख नारी पात्र सीताको चरित्रको पुनर्व्याख्या गरिएको यस कथामा मिथकीय पात्र लक्ष्मण र शूर्पणखालाई वर्तमानकालीन यथार्थ धरातलमा

उतारेर पुनर्लेखन गरिएको छ । अधिआख्यानको शैलीमा निर्मित विवस्त्र रामायणमा मिनाक्षी र लक्ष्मणको एउटा कथा तथा अर्को मैथिलीका आत्मकथा गरी दुईवटा कथा रहेका छन् । यसमा मिथकीय पात्रको रूपान्तरण गरी सीतालाई मैथिली, शूपर्णखालाई मिनाक्षीका रूपमा प्रस्तुत गर्दै लक्ष्मण, राम, हनुमानका चरित्रलाई पनि भिन्न कोणबाट व्याख्या गरिएको छ । पितृसत्तात्मक समाजमा शदियौँदेखि एकतर्फी रूपमा निर्माण गरिएका भाष्यका आधारमा आदर्श वा दुष्ट भनेर नारीसम्बन्धी दृष्टिकोण स्थापित रहेकाले 'विवस्त्र रामायण' कथाले त्यस मान्यतालाई भञ्जन गर्दै पुनर्व्याख्या गर्नुपर्ने धारणा प्रस्तुत रहेको छ । अनेक तर्क बुनेर नारीका भावनालाई दबाउने र उसको मौनतालाई सद्गुण, सहिष्णुता मानेर आदर्शकी प्रतिमूर्तिका रूपमा सीताजस्ती पूज्य देवी बनाउने तथा खुलापन र वाचाल स्वभावलाई शूपर्णखा भनेर गलत व्याख्या गर्ने प्रवृत्तिको भण्डाफोर गरिएको छ । प्रस्तुत कथामा विद्रोह र परिवर्तनका चेतनालाई अभिव्यक्ति दिँदै कथालाई सहज र आकर्षक बनाउन मिथकीय पुनर्लेखन प्रक्रियालाई उपयोग गरिएको छ ।

समकालीन नेपाली कथामा मिथक विषयवस्तुको एउटा महत्त्वपूर्ण स्रोत हो । मिथकलाई वस्तुको स्रोत बनाएर रचना गरिएका मिथकीय नेपाली कथामा मूलतः पूर्वीय र केही पाश्चात्य किंवदन्ती, वेद–पुराण, मुन्धुम, दन्त्यकथा, इतिहास–संस्कृति आदिका घटना–सन्दर्भ, पात्र, परिवेश आदिको समकालीन चेतना अनुरूप पुनर्लेखन गरिएको पाइन्छ । यस्ता मिथकका रूपमा आउने देवीदेवता, भूतप्रेत, पौराणिक नायक–नायिका, मानवेतर पात्र, विद्रोही चरित्र, जादुगर वा जादुगर्नी, खलनायक, खलनायिका, स्वैरकाल्पनिक जस्ता आद्यरूपीय चरित्रहरू रहेका हुन्छन् । नेपाली कथामा लोककथा, रामायण, महाभारत तथा अन्य प्रसिद्ध वैदिक, धार्मिक–सांस्कृतिक ग्रन्थमा वर्णित विविध चारित्रिक विशेषता भएका मिथकीय पात्रहरूको पुनर्व्याख्या गरिएको देखिन्छ । यस्ता लोक प्रचलित किंवदन्तीका भूतपे्रत, ख्याक, दन्त्यकथाका राजकुमार, राजकुमारी, देव–दानव, अप्सरा आदि रामायणका मिथकीय पात्र राम, लक्ष्मण, सीता, उर्मिला, शूर्पणखा, रावण, मारिच आदि, महाभारतकालीन पात्रहरू कृष्ण, युधिष्ठिर, अर्जुन, कुन्ती, कर्ण, द्रौपदी आदिका साथै शान्तिका अग्रदूत गौतम बुद्ध, सामाजिक–संस्कृतिक योगमाया लगायतका इतिहासप्रसिद्ध विभिन्न व्यक्तित्वहरूलाई मिथकीय पात्रका रूपमा प्रशस्त मौलिकता प्रदान गर्दै पुनर्लेखन गरिएका छन् । कथामा लोककिंवदन्ती तथा जनजातीय मिथकका विषयवस्तुलाई उपयोग गर्दै आद्यरूपीय चरित्रको प्रयोगबाट तत्कालीन समाज र शासनव्यवस्थाका विभेद, अन्याय, अत्याचार, दुव्र्यवहार, युगीन चेतना आदिको उद्घाटन गरिएका छन् । पात्रका अस्तित्वबोध, समन्याय, विद्रोह र परिवर्तनका चेतनालाई अभिव्यक्ति दिँदै कथालाई सहज र आकर्षक बनाउन मिथकीय पुनर्लेखन प्रक्रियालाई उपयोग गरिएको देखिन्छ । समकालीन सन्दर्भमा मिथकीय कथ्य र पात्रलाई पुनर्व्याख्या गरिएका कथामा विचार निर्माणका साथै समसामयिक परिवर्तनका उद्देश्य पाइन्छ । सकारात्मक भूमिका वा भिन्न भूमिकामा मिथकको आंशिक र पूर्ण पुनर्सिजन गरिएका कथाहरूको पुनर्लेखनका माध्यमबाट विनिर्माण गर्दै बहुल अर्थसत्यको उद्घाटन गरिएको देखिन्छ ।

प्रस्तुत लेखमा 'विवस्त्र रामायण' मा प्रयुक्त मिथकीय पात्रको प्रयोग तथा तिनको पुनर्लेखन गरिएको छ । पौराणिक कथाका मिथकीय पात्र प्रवृत्तिलाई पुनर्लेखन गर्ने क्रममा केही सन्दर्भहरू मौलिक रूपमा आएको देख्न सकिन्छ । यस कथामा मिथकीय पुनर्लेखन गरी काल्पनिक विषय र बिम्बहरूलाई यथार्थका धरातलमा अवतरण

गराई प्रस्तुत गर्ने काम गरिएकाले यहाँ विनिर्माणको प्रकृति पनि पाउन सकिन्छ । यस कथाका अन्य विभिन्न पक्षबाट विश्लेषण भइसके पनि मिथकीय पुनर्व्याख्याका कोणबाट मात्र विश्लेषण भएको नदेखिएकाले उक्त प्राज्ञिक रिक्ततालाई पूरिपूर्ति गर्न यस लेखमा मिथकीय पुनर्लेखनको सैद्धान्तिक मान्यतालाई आधारका रूपमा लिइएको छ। यस लेखमा 'विवस्त्र रामायण' मा कुनकुन मिथकीय पात्रको पुनर्व्याख्या केकसरी भएको छ ? र पुनर्लेखनको औचित्य के रहेको छ ? भन्ने शोध्यसमस्यामा केन्द्रित रहेर विश्लेषण गर्ने उद्देश्य रहेको छ। यसका निम्ति मिथकीय पुनर्लेखनको अवधारणालाई सैद्धान्तिक मान्यताका रूपमा उपयोग गरी अध्ययनको निष्कर्ष निकालिएको छ । माथि उल्लिखित प्राज्ञिक समस्यामा केन्द्रित रहेर कथामा प्रस्तुत मिथकीय पात्रका पुनर्व्याख्याका विविध सन्दर्भलाई पाठकेन्द्री विश्लेषण गर्नु यस लेखको मूल उद्देश्य रहेको छ।

## *अध्ययनविधि*

प्रस्तुत लेखमा विवस्त्र रामायण कथामा प्रतिबिम्बित मिथकीय पात्रको विश्लेषणमा केन्द्रित रहेको छ। यस क्रममा अर्चना थापाको कठपुतला सङ्ग्रहमा सङ्कलित कथालाई प्राथमिक स्रोतका सामग्रीका रूपमा सङ्कलन गरिएको छ। मिथकीय लेखनसँग सम्बन्धित अन्य लेख, रचना तथा सिद्धान्तसम्बन्धी पुस्तकालयीय माध्यमबाट सङ्कलित द्वितीयक सामग्रीको पनि उपयोग गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषणका लागि मिथकीय पुनर्लेखनको सिद्धान्तको अवलम्बन गर्दै पाठपरक ढाँचालाई आधार मानी मिथकीय पात्रको व्याख्या–विश्लेषण गरिएकाले यो गुणात्मक अध्ययनसँग सम्बन्धित रहेको छ।

## **सैद्धान्तिक पर्याधार : मिथकीय पुनर्लेखन**

अङ्ग्रेजी भाषाको 'मिथ' मा 'क' प्रत्यय जोडिएर बनेको व्युत्पन्न शब्द हो– मिथक। अङ्ग्रेजीको मिथ' शब्द ग्रिकमा सत्य वा काल्पनिक कथालाई बुझाउने 'मिथोस'बाट उत्पन्न भएको हो (अब्राम्स, २०००, पृ. १२१) । संस्कृतमा प्रचलित 'मिथ्या' शब्दसँग पनि मिथकको सम्बन्ध देखिन्छ। ग्रिसेली, ल्याटिन र जर्मनी हुँदै आएको मिथक शब्दको विभिन्न अर्थ पाइन्छ । ल्याटिनमा 'मुथोस' शब्दलाई नीतिकथाका रूपमा लिइन्छ (अधिकारी, २०६१, पृ. ४७)। यसबाट मानवका यथार्थ अनुभूति र कल्पनाको उच्चतम सिर्जनाका रूपमा विभिन्न मिथकहरू स्थापित बनेका देखिन्छन्। मिथकले नीतिकथा, इतिहास, कथाविधान आदि अर्थ बुझाएको पाइन्छ। मानिसका आदिम मनोवृत्तिहरू मिथकका रूपमा आउने हुनाले मनोवैज्ञानिक दृष्टिकोणले मिथकको सम्बन्ध अचेतनसँग सम्बन्धित देखिन्छ। फ्रायडले अचेतनमा मान्छेका दमित इच्छाहरूका साथै अतृप्त चाहनाको बासस्थान रहेका हुन्छ र यिनै इच्छाहरूको पूर्तिको साधनका रूपमा मिथकलाई लिएका छन् (फ्रायड, २००२, पृ.१३८)। वेद, पुराणमा वर्णित मिथकको सम्बन्ध मानवीय मन र धार्मिक–सांस्कृतिक पर्यावरणसँग पनि रहेको देखिन्छ । पौराणिक आख्यानहरूमा अनेकौँ सजीव मिथकहरू व्यक्त भएका हुन्छन् र तिनको सान्दर्भिकता सापेक्षिक रहेको हुन्छ । त्यस्ता मिथकहरू केही स्वाभाविक र केही अतिरञ्जित प्रकृतिका हुन्छन् । गलत धारणाले गर्दा पुराणहरूका अर्थहरूलाई दुरूपयोग गरिएको पनि पाइन्छ। यिनलाई प्राचीन मनगढन्ते कथा अथवा छलहरूका रूपमा लिइएको पाइन्छ। पुराण भन्नाले कुनै देश विशेषका देवदेवीहरूका कथाहरू अथवा कुनै चतुर व्यक्तिले केटाकेटीलाई शिक्षा दिन सृजना गरेका मनोरञ्जनात्मक दन्त्य कथा मात्र होइनन् (अधिकारी, २०६१, पृ. ५३)। तत्कालीन सामाजिक

सांस्कृतिक जीवनसँग जोडिएका हुनाले मिथकले मानव सभ्यताको सर्वेक्षण गर्न आधार सामग्री प्रदान गरेको देखिन्छ । मिथकको अध्ययनका क्रममा पुराकथा, दन्त्यकथा वा परीकथा आदि पनि सत्यको प्रतीकात्मक वक्रोक्तिमा आधारित संरचनाको आवरणभित्र रहन्छ । धार्मिक अनुष्ठान र उत्सवका प्रक्रियामा पनि सत्यको प्रतीकात्मक अभिव्यञ्जना भएको हुन्छ (कक्षपती, २०७८, पृ. ३५। पौराणिक आख्यानहरू तथा लोक आख्यानहरूमा मिथकको सघन प्रयोग पाउन सकिन्छ ।

मिथकीय पुनर्लेखन साहित्यसमालोचनाको विनिर्माणको एक अवधारणा हो । परम्परित मिथकले निश्चित केन्द्रवादी मान्यताको स्थापना गरेका हुन्छ । मिथकीय आख्यानमा विभिन्न प्रकृतिका मिथकका कथ्य, चरित्र आदिको सोद्देश्य प्रयोग भएको हुन्छ । मिथकको मूल विषय वा घटनासँग सम्बन्धित भएर आएका त्यस्ता मिथकीय पात्रमार्फत जीवनजगत्को शाश्वत पक्ष प्रस्तुत गरिएको हुन्छ (ढकाल, २०८०, पृ. १२७) । उत्तरआधुनिक मान्यताले मिथकलाई पुनर्लेखन गरी तिनको समयसान्दर्भिक पुनर्व्याख्या गर्न आवश्यक ठानेको पाइन्छ । कृष्ण धराबासीका अनुसार "मिथकले कथ्य एवम् पात्रलाई पुनर्जन्म दिन्छ । एउटै सोच, सम्पदा र परम्परा बारम्बार दोहोरिरहन्छ । त्यो दोहोऱ्याइ हामीलाई अभ्यासगत छ, सर्वमान्य छ, स्वीकार्य छ । त्यो दोहोरिनु हामीलाई अनिवार्य पनि छ"(२०६७, पृ. १०६)। कुनै पनि कुरा दोहोरिँदा त्यसको वास्तविक स्वरूप परिवर्तन हुने र नयाँ निर्मिति हुने अवस्थाले विनिर्माणको सङ्केत गर्दछ ।  वास्तविक यथार्थमा हरेक संस्कृति तथा समुदाय परिवर्तनशील हुन्छ । हरेक समुदायको सांस्कृतिक जीवनलाई त्यसका ग्रन्थ, कथा, उपकथा, उखान चलिआएका मान्यता आदिले अवश्य प्रभाव पार्दछन् । साथसाथै ती मान्यता, कथा, उपकथा आफैंमा पनि परिवर्तन हुँदै जान्छन् (उप्रेती, २०६७, पृ. ४३७) । मानवीय सिर्जना क्षमता र प्रतीक योजनाका साथमा कल्पनालाई विशिष्ट रूपमा प्रयोग गर्ने कलाको अध्ययन मिथकले गर्दछ । विगत पनि वर्तमानसँग निरन्तर गाँसिएर आउने भएकाले साहित्यमा गरिने पुनर्लेखन सकारात्मक परिवर्तनका उद्देश्यले लेखन प्रवृत्तिका रूपमा आएको पाइन्छ । मिथकमा आदिम मानवका दमित जातीय स्मृतिहरू रहेका कारण यसले पाठकस्रोतामा निहित उद्बोधक शक्तिलाई प्रबल ढङ्गले उत्प्रेरित गर्छ (एटम, २०७४, पृ.१८७) । आदिम मानवका मनोवृत्तिहरू मिथकका रूपमा व्यक्त भएको देख्न सकिन्छ । परम्परागत मूल्य, आदर्श, संरचना, मान्यता आदि वर्तमान समयका लागि पूर्ण र सान्दर्भिक भइरहन नसक्ने हुँदा वर्तमान सन्दर्भअनुसार त्यसको पुनर्लेखन र पुनर्व्याख्या गरेर पुरानो डिस्कोर्सलाई पुनर्जीवन दिने काम उत्तर आधुनिकतावादले गर्दछ (महर्जन, २०७८, पृ.२९) । मिथकमा उल्लिखित कथ्य विषय–घटना, पात्र, परिवेश आदिका मिथकीय पुनर्लेखनमा अलौकिक सन्दर्भलाई सामान्यीकरण गरी पुनर्व्याख्या गर्ने काम पनि भएको हुन्छ । यसरी मिथकीय रचनाकृति अथवा पात्रको पुनर्लेखन गर्दा विगतका रचनाकृतिमा रहेका रिक्तताहरूलाई पूर्णता दिइएको पाइन्छ ।

मिथकीय चिन्तन विनिर्माण र पुनर्निर्माणकै शृङ्खलामा विकास भएको बहुलवादी मान्यता हो । परम्परागत सामाजिक–राजनीतिक मूल्यमान्यता तथा विचारका आधारमा निर्मित मिथकहरूको पुनःपरीक्षण र पुनर्मूल्याङ्कनको महत्त्वपूर्ण प्रक्रिया पुनर्लेखन हो । परम्परित मान्यताले कतिपय सत्यलाई उपेक्षित गर्दै एकपक्षीय व्याख्या गरेको हुनाले उत्तरआधुनिकतावादले तिनलाई समय सान्दर्भिक पुनर्लेखन गरी छोपिएका सत्यको खोजी र

नयाँ युगीन सत्यको उद्घाटनका निम्ति पुनर्व्याख्यालाई महत्त्व दिएको पाइन्छ । अतः मिथकीय पुनर्लेखन स्थापित सत्यका पछाडि रहेका बहुल सत्य वा अर्थको प्राप्तिका लागि प्रयुक्त लेखन प्रविधिका रूपमा नेपाली कथाको अध्ययनमा उपयोगी रहेको देखिन्छ ।

## परिणाम र छलफल

प्रस्तुत 'विवस्त्र रामायण' कथाको पृष्ठभूमिमा प्रसिद्ध पौराणिक ग्रन्थ रामायण रहेको छ । यस कथामा रामायणका मिथकीय घटना र चरित्रहरूलाई समकालीन चेतनाअनुरूप पुनसिर्जन गरिएको छ । मूलतः बाल्मीकिद्वारा रचित 'रामायण' रामको जीवनयात्रा र पुरुषार्थका बारेमा लेखिएको कथात्मक ग्रन्थ हो । यसलाई अनेकौँ व्यक्तिहरूले आआफ्नै तरिकाले पुनर्व्याख्या गरी रामायणका विविध रूप प्रस्तुत गरेका छन् । रामायण पुरुषकेन्द्री दृष्टिकोणबाट लेखिएको ग्रन्थ भएकाले सबैमा पुरुष(राम)लाई केन्द्रीय भूमिकामा राखेर नारीलाई एकपक्षीय चित्रण गरिएको छ भन्ने मान्यता राख्दै कथाकारले त्यसको खण्डन गरेको देखिन्छ । त्यसैले पितृसत्तात्मक चिन्तनलाई धर्मका आडमा मोहर लगाउने रामायण लेखकको नियतमाथि प्रश्न उठाउँदै नलेखिएका कथाहरूलाई फरक कोणबाट उजागर गर्नुपर्दछ भन्ने मान्यताले 'विवस्त्र रामायण' कथाको सिर्जना भएको छ । यसमा कथ्यको पुनर्लेखनका सन्दर्भमा पात्रलाई वास्तविक जगत्का यथार्थ पात्रको भूमिकामा उतारिएको छ । तृतीय पुरुष परिधीय दृष्टिन्दुमा रचित यस कथामा पुनर्लिखित पात्रहरू रामायणको मूल कथाले वर्णन गरेभन्दा भिन्न रूपमा प्रस्तुत छन् ।

## विवस्त्र रामायण कथामा पुनसिर्जित मिथकीय पात्रहरू

प्रस्तुत 'विवस्त्र रामायण' मा पौराणिक ग्रन्थ रामायणका निम्न पात्रको पुनर्लेखन गरिएको छ । रामायणका सीता, राम, लक्ष्मण, शूपर्णखा, हनुमान आदि मिथकीय चरित्रलाई भिन्न भूमिका र प्रसङ्गमा यसप्रकार पुनसिर्जन गरिएको छ :

### मैथिली

प्रस्तुत 'विवस्त्र रामायण' कथामा रामायणकी प्रमुख नारीपात्र सीतालाई मैथिलीका रूपमा पुनर्लेखन गरिएको छ । रामायणले आदर्श नारीका रूपमा स्थापित गरेकी सीतालाई कथामा 'मैथिली' को भिन्न चरित्रमा रूपान्तरण गरिएको छ । रामायणमा रामकी पत्नीका रूपमा परिचित सीता सहनशील, पतिव्रता, मौन, आदर्श र अलौकिक देवीको रूपमा पूज्य नारी स्थापित गरे पनि पटकपटक पतिबाटै अपमानित बन्न विवश उसलाई मैथिलीको विद्रोही चरित्रमा पुनर्व्याख्या गरिएको छ । मैथिलीमा रूपान्तरित सार्वजनिक छवि बनाएकी, देश विदेशमा आदर्श आर्य नारीको कीर्तिमान राखेर अनेकौँ पुरस्कार र पदवी हात पारेकी तथा हजारौँ संघ, संस्थामा व्यस्त रहेर नारी अधिकार र कर्तव्यबारे काम गर्दै आएकी पात्रका रूपमा प्रस्तुत छ (थापा, २०७४, पृ. १५४)। यस कथामा रामायणकी नारी पात्र सीतालाई पुनर्लेखन गरी आत्मसम्मान र स्वअस्तित्व सचेत लेखकको रूपमा मैथिलीको पात्रीय पुनर्व्याख्या गरिएको छ । रामायणमा आदर्श नारीका रूपमा महिमामण्डित पात्रका विपरित उसलाई यस कथामा आफ्ना जीवनका अँध्यारा पाटालाई समेटेर आत्मकथा लेख्ने लेखकका रूपमा प्रस्तुत

गरिएको छ । लण्डनको प्रतिष्ठित प्रकाशन गृहबाट प्रकाशन हुन लागेको उसको आत्मकथाको पाण्डुलिपिलाई 'प्रेतविधिज्ञः मैथिली आघात अनुभव' शीर्षक दिइएको छ । मैथिलीले जीवनमा भोगेका आघातहरूका कारण आदर्श नारीको विशेषणलाई थेग्न नसक्ने भएकीले उसभित्रको पीडाको उद्बोधन आत्मकथाका रूपमा प्रकट भएको छ । यसमा रामकी पत्नीका रूपमा आफ्नो स्वत्व गुमाएर केवल पतिको आश्रिता भएर मौन लाचार छायाका रूपमा पछि लाग्ने अलौकिक, आदर्श देवी स्वरूपमा निर्माण गरिएको छविले उसको वास्तविकता अपरिचित रहेकोप्रति मैथिलीले आपत्ति जनाएकी छ । भूत र वर्तमानको द्वन्द्वमा फँसेकी मैथिलीको काल्पनिक र वास्तविक विरोधाभासी जीवनको आघातका पुनर्लेखनका माध्यमबाट कथामा पितृसत्ताको लैङ्गिक विभेद र उत्पीडनविरूद्ध प्रतिरोधी विचार अभिव्यक्त भएको छ ।

**मिनाक्षी**

प्रस्तुत 'विवस्त्र रामायण' कथामा समाख्याताका रूपमा मिनाक्षी पात्रको प्रयोग गरिएको छ । उसैका दृष्टिविन्दुबाट कथाका अन्य पात्रका बारेमा चर्चा भएको देखिन्छ । रामायणको पौराणिक कथामा दानव कुलकी शूपर्णखा रावणकी एक मात्र बहिनी हो । तर 'विवस्त्र रामायण' कथामा उसको मानवीय चारित्रिक पुनर्लेखन गर्दै बहुल क्षेत्रमा सक्रिय नारीका रूपमा प्रस्तुत गरिएको छ । उसका भूमिकाको दृष्टिबाट हेर्दा 'पछिल्ला केही वर्ष विदेशी प्रकाशन गृहमा काम गरेकी, अहिले जागिर छोडेर लेखनमा व्यस्त रहेको र 'विवस्त्र रामायण' लेख्दैछु'...'रामायणमा अन्यायमा परेका पात्रको दृष्टिकोणबाट अथवा भनौँ म फरक दृष्टिकोणबाट रामायण लेख्दैछु ।' (पृ.१६८) । यस कथामा मिनाक्षीलाई शूपर्णखाका रूपमा र 'विवस्त्र रामायण' की लेखक वा कथाकारकै छद्म रूपजस्तो संशयात्मक चरित्र देखाइएको छ । राजमार्गको भीडभाडयुक्त होटलमा बसेर एकचित्तले ल्यापटपमा मैथिलीको आत्मकथा पढ्दै गरेकी मिनाक्षीका रूपमा पात्रगत पुनर्लेखन गरिएकी सुपर्णखालाई स्वतन्त्र लेखकका तथा मैथिलीको आत्मकथाको समीक्षकका रूपमा आधुनिक परिवेशको वास्तविक धरातलमा प्रस्तुत गरिएको छ । गाडी हाँकेर एक्लै यात्रामा निस्कने हक्की, स्वतन्त्र, बाचाल र निष्कपट चरित्रकी मिनाक्षीले मैथिलीले अस्तित्वबोध गर्दै लेखेको आत्मकथाको पाण्डुलिपि पढेर त्यसबारेमा आफ्ना समीक्षात्मक प्रतिक्रिया तथा सुझाव व्यक्त गरेकी छ । मिनाक्षीले आफू रामायणकै अर्की उपेक्षित रूपमा चित्रित नारी शूपर्णखा रहेको जानकारी आफैँले दिएकी छः

> 'तपाईँले मलाई चिन्नुभएनझैँ लागेकै थियो । साँच्चै चिन्नुभएनछ । म मिनाक्षी ...! अझै चिन्नुभएन ? वाल्मीकिले कामोत्तेजक कलङ्किनी भनेर चित्रण गरेकी पात्र मै हुँ । आइमाईहरूलाई तह लगाउन र नैतिक गरिमाको नियम लागू गर्न मेरो नाम मेटाएर राक्षसनी बनाए । मेरो वर्णनमा शब्द खर्चे...रौद्ररूप, विकृत, कुरूपिणी, कुनास, दुर्मुख, कुनख, डरलाग्दी, काली, राक्षसी...आदि इत्यादि । शब्द खर्चेअनुसार परिणाम सफल रह्यो ।'(पृ.१७९)।

रामायणमा सर्वत्र कुरूप, खल चरित्रका रूपमा वर्णित शूपर्णखा अर्थात् मिनाक्षीको बारेमा कथामा यसरी प्रस्तुत गरिएको छ :

> श्यामल रङरोगन, हाइलाइट गरेको लामो कैलो केश, सूरजमुखी फक्रेजस्ता आँखा, टुपुक्क परेको सानो नाक, नाकमा प्रचलित नयाँ फेसनको बुलाकी, कानमा हरियो मोतीको झुम्का, हातभरि हरियो चुरा,

पालेका नङहरूमा रातो नेलपलिस, खाइलाग्दो अग्लो शरीर, खुट्टामा खिप भएको कालो हिल स्याण्डल, स्लिभलेस सेतो सलवार कुर्तामा हरियो सुती सल। युवती वास्तवमै सुन्दर देखिन्थी।(पृ.१६७)

'हो त ! यो शूर्पणखा पो हो। कहाँ देख्या भनेको त...? पहिलाभन्दा अलिक दुब्ली देखिन्छे। तर बोल्ने तरिका उस्तै ! हाँस्दा उस्तै।' मिनाक्षीको अनुहार हेरेकोहेऱ्यै भयो ऊ। उसको दिमाग शून्य भयो (पृ.१७९)।

उपर्युक्त कथनबाट रामायणमा वर्णित शूपर्णखा र यथार्थमा रहेकी मिनाक्षीबीचको पुनर्लेखनबाट भिन्नता प्रस्तुत भएको छ। आधुनिक युवती मिनाक्षीका रूपमा पुनरावृत्त भएकी शूपर्णखाको रामायणमा चित्रित खलनायिकाका छविलाई पुनर्लेखनमार्फत नारीवादी सत्चरित्रमा व्याख्या गरिएको छ। विगत र वर्तमानमा बाह्य आकृतिमा धेरै परिवर्तन देखिए पनि उसको आत्मसचेत र खुल्ला निर्भीक चरित्र अझ प्रखर रहेको देखाइएको छ।

**लक्ष्मण**

रामायणको एक महत्त्वपूर्ण पात्र लक्ष्मणलाई विवस्त्र रामायण कथामा पुनर्लेखन गरिएको छ। यस कथामा रामायणमा वर्णित रामभक्त लक्ष्मणलाई काठमाडौँमा बस्ने, आइफोन, फेसबुक चलाउने आधुनिक युवकका रूपमा पुनसिर्जन गरिएको छ। मिनाक्षीको 'तपाईँलक्की, सरी लक्ष्मण होइन ? तपाईँत अहिले पनि उस्तै ह्यान्डसम ! अँ, पहिला तपाईँको निधारमा खत थिएन (पृ. १६७)।' भन्ने कथनबाट उसको परिचय र बाह्य रूपको चित्रण भएको छ। यस कथामा मिथकीय पात्र भातृभक्त लक्ष्मणलाई उही नाममा दाजुको कारोबारमा सहयोगी भूमिका निर्वाह गर्ने व्यक्तिका रूपमा पुनरावृत्त गरिएको छ। कथाले यथार्थमा लक्ष्मण जनकपुरमा रहेको भाउजू (मैथिली)को नामको जग्गा बेचबिखनबाट रकम बन्दोबस्त गरी दाजुलाई सहयोग गर्न वारेस बनेर हिँडेको पात्र हो। तर विचारमा उही पुरातनपन्थी यथास्थितिवादी सोचको लक्ष्मणले जुनसुकै पक्षबाट पनि पितृसत्ताको बचाउमा वकालत गर्दै महिलाहरूका अग्रगामी चेतनाको उग्र विरोध गरेको देखिन्छ। जङ्गलको हावा लागेका, कमाओवादी, डलरवादी, अराजकहरू आदिका संज्ञा दिँदै तिनैका बतासे कुराले भाउजू (नारीहरू) लाई उचालेर घर भाँडेको विग्रह गराएकोजस्ता आरोप लगाउने लक्ष्मण पुरातनवादी पितृसत्ताकै अवशेष पात्र बनेको छ। हरेक कुरामा भाउजू अर्थात् नारीलाई दोष दिने लक्ष्मण आधुनिक समयको पुरुष भएर पनि महिलाप्रति सङ्कीर्ण दृष्टिकोण राख्ने महिलाविद्वेषी, हीनताग्रस्त पात्रका रूपमा पुनर्सिर्जित छ। लक्ष्मण विचार, बुझाई, सोचाइमा कुनै परिवर्तन नआएको समकालीन समयको रूढिग्रस्त पात्र हो।

**राम**

रामायणका प्रमुख पात्र रामलाई 'विवस्त्र रामायण' कथामा रामानन्दका रूपमा प्रस्तुत गरिएको छ। प्रचलित रामायणले मर्यादा पुरुष, आदर्शका प्रतीकका रूपमा रामको सर्वगुण सम्पन्न चरित्र स्थापित गरेको छ। तर 'विवस्त्र रामायण' कथामा मैथिलीको पति रामानन्दको द्वैध मानसिकता र ढोँगी चरित्रलाई विपर्यासका रूपमा देखाइएको छ :

म डिप्रेसनमा छु भन्ने थाहा पाएपछि श्री रामानन्दजी चिन्तित हुनुभयो। उहाँको चिन्तामा मेरो स्वास्थ्यको पीर वा मेरो मायाभन्दा बढी लोकलाजको डर थियो। ...सहनशीलताको लागि दिइने पुरस्कारबाट मेरो

नाम फिर्ता हुने आशङ्का उत्पन्न भयो । डिप्रेसन र आत्मघाती रुग्ण प्रलापको समाचार सार्वजनिक भयो भने रचिएका धर्मगन्थहरूमा उल्लेख गरेजस्ती सहनशील र क्षमाशील छैन भनेर हल्ला हुन्छ भन्ने कुरो थियो । आर्य आदर्शनारीको अखण्डित मर्यादित स्वरूप झन्यामझुरूम हुने डर भयो । (पृ.१६१) ।

समाजमा मैथिलीलाई आदर्श पत्नी बनाउन चाहने रामानन्दले आफैँ विदेशी मुद्रा विनिमय भ्रष्टाचार र किर्ते दस्तखत अभियोगमा अदालतमा मुद्दा खेप्नु परेको छ (पृ.१६७) । आफूलाई उदात्त देखाउने लालसाले मैथिलीका अमानवीय परीक्षा लिनु, आदर्शको खोल ओढेर भ्रष्ट, नैतिक पतनमुखी कार्यप्रति उद्यत हुनु, गुटबन्दी गरेर आफ्ना मान्छेलाई कमिशन दिएर आफ्ना पक्षमा रामायण लेख्न लगाउने, राजनीतिक पार्टी खोलेर रामराज्य बनाउने स्वार्थप्रेरित (पृ.१७१) पुरुषसत्ताको प्रतिनिधि पात्रका रूपमा उसको चारित्रिक पुनसिर्जन गरिएको देखिन्छ । 'विवस्त्र रामायण' कथामा उसलाई अप्रत्यक्ष चरित्रचित्रण पद्धतिद्वारा रामायणका प्रसङ्गको पुनर्व्याख्यामा प्रस्तुत गरिएको छ ।

**हनुमान**

'विवस्त्र रामायण' कथामा बजरङ्गीका रूपमा हनुमानको चारित्रिक पुनर्लेखन गरिएको छ । रामायणले उसलाई सङ्कटमोचन गर्ने अत्यन्त शक्तिशाली, इमान्दार र सत् चरित्र रामभक्तका रूपमा चित्रण गरेकामा 'विवस्त्र रामायण' मा यस मान्यतालाई भत्काएर उसको विपरित चारित्रिक पुनर्व्याख्या गरिएको छ । अत्यन्त कठीन समयमा पनि रामको साथ नछाडेको स्वामीभक्त हनुमान यहाँ मैथिलीमाथि निगरानी गर्न खटाइएको म्यानेजर बजरङ्गीका रूपमा गद्दार रहेको छ । अप्रत्यक्ष पात्र बजरङ्गीका बारेमा मिनाक्षी र लक्ष्मणबीचका संवादका माध्यमबाट चारित्रिक पुनसिर्जन गरिएको र उसको चरित्र स्वार्थी, लोभी, धोकेवाज, बेइमानका रूपमा देखिएको छ : तपाईँको दाइभक्त बजरङ्गीले त मैथिलीलाई ठूलै धोका पो दिएका रहेछन् त !(पृ.१७०) ।... मैथिलीले सतित्व अग्निरोधी कवचको विज्ञापनमा खेले बापतको पारिश्रमिक लिएर भागेको र रामराज्यकी नायिकालाई धोका दिएको आरोप लागेको छ (१७१) ।

यसरी 'विवस्त्र रामायण' कथामा रामायणका नायिका र खल नायिकाका रूपमा वर्णित सीता र शूपर्णखालाई क्रमशः मैथिली र मिनाक्षीका रूपमा पुनसिर्जन गरिएको छ । मैथिली र मिनाक्षी दुबैलाई लेखकका अवतारमा प्रस्तुत गर्दै मैथिलीले रामायणकी चर्चित नारीपात्र सीताका रूपमा पाएको सम्मानका पछाडिका अथाह व्यथालाई आत्मकथामा उतारेकी छ भने मिनाक्षीले रामायणमा दमित पात्र र लुकाइएका अनेक पाटालाई खोतल्दै फरक ढङ्गमा आलोचनात्मक दृष्टिकोणबाट समसामयिकतासँग जोडेर 'विवस्त्र रामायण' लेखिरहेको जानकारी पाइन्छ । त्यस्तै लक्ष्मण, राम तथा हनुमानलाई पनि रामायणको मूल आख्यानमा महिमामण्डन गरिएका चरित्रभन्दा भिन्न किसिमले मानवीय दुर्गुणयुक्त पात्रका रूपमा पुनर्लेखन गरिएको छ ।

**विवस्त्र रामायण कथामा मिथकीय पुनर्व्याख्याको औचित्य**

'विवस्त्र रामायण' कथामा कथामा पुनर्लेखनका माध्यमबाट रामायणका आख्यान एवम् पात्रका पुनर्व्याख्याको औचित्य यसप्रकार देखाउन सकिन्छ :

**पितृसत्तात्मक विभेदको विरोध र पहिचानको खोजी**

प्रस्तुत 'विवस्त्र रामायण' कथामा पौराणिक आख्यानप्रति आलोचनात्मक दृष्टि राख्दै त्यसको पुनसिर्जन गरिएको छ । पितृसत्ताले नारीका स्वविवेकमाथि नियन्त्रण गर्दै चरम आदर्शमा जोड दिने प्रवृत्तिका विरूद्ध मैथिलीको आत्मकथा लेखन यही पुरुषसत्ताको विरोध गरिएको छ । कथामा पितृसत्ता विभेदकारी प्रवृत्तिबाट नारीमा असन्तुष्टि, विद्रोह र आक्रोश पाइन्छ । रामायणमा यस कथामा लैङ्गिक विभेदको विरोध गर्दै नारी जागरण, समभाव र समुन्नत समाजको अपेक्षा गरिएको छ । मिनाक्षीका विचारमा पौराणिक ग्रन्थहरू लेख्ने पुरुषहरू नै भएकाले एकाधिकारवादी दृष्टिकोणबाट लिखित ती पौराणिक ग्रन्थहरू कथा, गाथा सबै विभेदकारी छन् । तिनले पुरुषलाई केन्द्रमा राखेर नारीलाई कमजोर र हीन भावनाले हेरेका छन् भन्ने साक्ष्यमा वाल्मीकि रामायणमा रामलाई मर्यादा पुरुषोत्तम र सीतालाई पतिब्रता सहनशीला हिन्दु नारीका रूपमा (पृ.१६१) प्रस्तुत गरेकाले एकपक्षीय दृष्टिकोणमाथि पुनर्व्याख्या हुन आवश्यक देखाइएको छ ।

> बाल्मीकि रामायणका आधारमा लेखिएका अन्य धेरै रामायण केवल फोटोकपीका फोटोकपी रहेका छन् । मर्यादा पुरुषोत्तम र उनका भातृभक्त लक्ष्मणको धेरै गुणगान छ । ताडका, शूर्पणखा, मन्दोदरी, उर्मिला, अहिल्या, शबरी, त्रिजटा, कैकेयी, मन्थराहरू उपेक्षित रहेका छन् (पृ. १७३)। वाल्मीकिले निर्माण गरेको विभेदपूर्ण शब्दजालभित्र अल्झाएर नारीलाई राखिएको छ ।

सर्वात्कृष्ट नारी व्यक्तित्वले प्राप्त गर्ने विश्वप्रसिद्ध 'ब्रह्माण्ड तितीक्षा' पुरस्कार प्राप्त गरेकी मैथिलीले भोगेका अनुभवमार्फत नारीका आघातलाई यसरी प्रस्तुत गरिएको छ :

> खै कुन बेला हो... ! आफू बसेको आठौँ तलाको कोठाको ढोका उघारेर अर्धचेत अवस्थामा चिच्याउँदै होटल करिडरमा कुदेछु म । लिफ्ट अगाडि बसेको गार्ड मलाई समात्न पछिपछि कुदेको थियो रे । लबीमा अर्को कुनामा रहेको √याल खोलेर हाम फाल्न खोज्दै थिएँ रे गार्डले च्याप्प समातेछ । ...लबी म्यानेजर आइपुग्दासम्म करिडोर छेउछाउका ढोका धमाधम खुल्न थालेका थिए । नाइट गाउन पहिरेको अर्धविक्षिप्त अवस्थामा भयाक्रान्त रोइकराइ गरिरहँदा मलाई गार्डले बोकेको रहेछ । श्री रामानन्दजीलाई शरम लागेर मर्नु भएको थियो अरे । हल्ला भएकोमा म्यानेजरले होटलका पाहुनाहरूसित व्यक्तिगत रूपमा माफी मागे ।...(पृ. १५८–१५९) ।

मैथिलीले आत्मकथा लेख्नुमा रामकी पत्नीका रूपमा आफूले भोगेका अकथनीय मानसिक आघात प्रस्तुत गर्ने उद्देश्य देखिन्छ । त्यस्तै समाजमा सहनशीलता र मौनताकी प्रतिमूर्तिको उदाहरण बनाएर स्वास्नीमानिसलाई पतिका मौन अनुयायी र लाचार छाँया बनाई उनीहरूका स्वतन्त्रता र अस्तित्व दमन गरिनुमा आफ्नो मौनता जिम्मेवार भएकाले त्यसको प्रतिवाद वा प्रायश्चित गर्नु रहेको देखिन्छ :'मेरा जीवनका सन्दर्भ र प्रसङ्ग थुप्रै नारकि लागि पाशबन्ध बने । मेरो उदाहरण दिएर जुन स्वास्नीमानिसलाई मौन अनुयायी र भर्ताप्रतिच्छाया बनाइयो उनीहरूसित म माफी माग्दैछु'(पृ.१५५) । यसबाट मिथकीय पुनर्लेखनको औचित्य नारीको स्वतन्त्र अस्तित्व चेतको उद्घोष रहेको प्रस्ट हुन्छ । नारीलाई शक्तिहीन अबला देखाउन पितृसत्ताले केकस्ता

जालझेल र स्वार्थका राजनीति गर्दछ भन्ने मैथिलीका उद्गारबाट प्रस्तुत भएको छ । समयक्रमसँगै नारीभित्रको शक्तिलाई दबाउन पितृसत्ताले सत्यको आवरणमा गर्ने तिकडमबाट नै विद्रोही चेतनाकी मैथिलीको जन्म भएको देखिन्छ :

> मलाई पौराणिक ग्रन्थकी नायिका बनाउन गरिएका विभिन्न खालका राजनीति बुझ्न थालेँ । ग्रन्थकासिताको राजनीति, पुरस्कारको राजनीति, लोकप्रियताको राजनीति, विश्वास र आस्थाको राजनीति, धर्मको राजनीति र स्वास्नीमानिसको नाममा गरिने विराट राजनीति । ती बुझ्ने बित्तिकै दमनदामिनी बन्न सक्ने सम्भावना पनि त्यही दिन भेटेँ मैले । (पृ.१६१)
>
> एकै दिनमा विरोधाभासी जीवन बाँच्न सिकेँ मैले । आडम्बर र अभिनयको दोसाँधमा सन्तुलन बनाउन सिकेँ । मानसिक आघात र प्रतिशोधको दावाग्निलाई लठ्याउने औषधी खाएर सहनशीलताको अभिनय गर्न थालेकी थिएँ । जतिजति अरू ख्याति, पुरस्कार र पदवी पाउँदै गएँ, आफ्नो दुखेसो र गुनासो पोख्ने स्वतन्त्रता पनि गुमाउँदै गएँ । मौन अभिनयमा पोख्त हुँदै गएँ म । (पृ. १६२)

उपर्युक्त कथांशले धर्मग्रन्थहरूमा सीतालाई विविध गुणका विशेषणले उच्च आदर्श नारीका रूपमा स्थापित गरेको तर उसको पीडा र मानसिक आघातलाई कसैले बुझ्ने चेष्टासम्म नगरेकोले व्यङ्ग्य गर्दै त्यसलाई भत्काउनु पर्ने देखिन्छ । नैतिकता केवल नारीका लागि मात्र महत्त्वको विषय बनाएर यसैलाई उसको चरित्र मापनको आधार मानिने प्रवृत्तिमाथि पनि आक्रोस देखिएको छ :

> तर पेनकिलरले मेरो मानसिक तनाव निदान गर्न सकेन । अग्नि परीक्षाको नाममा गर्न खोजिएको अक्षतयोनि परीक्षाको अपमानले झन्झन् विकराल रूप लिँदै गयो । बुझ्न थालेँ मर्यादित श्रीरामानन्दजीका अमर्यादित परीक्षाले मलाई मात्रै होइन, अरू थुप्रै स्वास्नीमानिसलाई भोग्या र पवित्रा दृष्टिकोणमा विभाजित गरेका रहेछन् । सतित्व,, पतित्व र नारीत्वजस्ता परीक्षाहरू दौरान मेरो सक्रोध मौनतालाई सर्वकालीक सहमति बनाएर अथ्र्याइयो । (१६२) ।

उपर्युक्त कथांशले मैथिलीको पितृसत्ताविरूद्ध विद्रोह चेत कसरी प्रस्फुटित भयो भन्ने देखाइएको छ । पितृसत्ताले अर्काेतर्फ स्वतन्त्र भएर आफ्ना कुरा राख्ने शूर्पणखालाई ‘कामोत्तेजक कलङ्किनी भनी बदनाम गरिरह्यो । आइमाईले इच्छा गर्न हुन्न नत्र दण्ड पाउँछे भनेर त्रास देखाएर, आदर्शप्रेरित रोमाञ्च थपेर सांस्कृतिक आलेख तयार पार्ने, नैसर्गिक यौनेच्छा र प्रेमेच्छालाई पतीत स्वेच्छाचारी राक्षसीको विद्रूप इच्छा भनेर परिभाषित गर्दै कतै फुक्र्याएर र कतै डरत्रासबाट अधीनस्थ बनाउने पुरुषप्रधान समाजमा नारी स्वतन्त्रता र समानताको हननप्रति मिनाक्षी र मैथिलीजस्ता तमाम नारीका असन्तुष्टि तथा पहिचानको आवाजमा यसरी पोखिन्छ :

छोरी, बहिनी सहयात्री र आमा ।
मोहिनी, मुग्धा, जया, विजया र ज्ञाता
सबै हुँ म । बहुलस्वरूप नारी हुँ म ।
कहिले गार्गी, आत्रेयी, अनुसूया र अरून्धती

थुप्रै रूप, नाता र कर्मक्षेत्रमा बाँडिएकी
प्रकृति, शक्ति र संहारिनीको सकल स्वरूप
नारी हुँ म। (१६३)

स्वतन्त्रता र समानताका लागि विद्रोही बनेर आफ्ना बहुआयामिक पहिचान र अधिकारको खोजीमा छन् भन्ने मैथिली र मिनाक्षीका पात्रीय पुनर्लेखनबाट देखिएको छ। अतः कथामा परम्पराका नाममा विभिन्न कारणबाट दबाइएका नारीहरू आवाज खोज्दै एकल प्रभुताप्रति प्रतिरोध जनाउँदै छन्।

**विवस्त्र रामायण कथामा समकालीन यथार्थको प्रस्तुति**

प्रस्तुत 'विवस्त्र रामायण' कथामा समकालीन समयका यथार्थसँग मिथकीय घटना र पात्रको सान्दर्भीकरण गरिएको छ। शदियौँदेखिका सामाजिक, राजनीतिक, धार्मिक, सांस्कृतिक निर्मितिबाट परम्पराका नाममा विभिन्न केन्द्रको निर्माण र विभेदका श्रृङ्खला रहेका छन्। काल्पनिक मिथकले परम्पराका रूपमा समकालीन जीवनमा पनि युगीन प्रभाव छाडेका छन्। त्यसैले यहाँ धर्मशास्त्रले निर्धारित गरेका पुरुष–महिलाका पहिचानका अन्तद्र्वन्द्व, आदर्श र यथार्थबीचको द्वन्द्व मात्र होइन, सामाजिक– सांस्कृतिक क्षेत्रका विकृति विसङ्गति, राजनीतिको भद्रगोल अवस्था आदिका चित्रणबाट देशको समकालीन चित्र प्रस्तुत भएको छ। नेपालमा चलेको मधेस आन्दोलनको समयमा मिनाक्षी र लक्ष्मणलाई लालगढको 'ध्रुबेको होटल'मा भेट गराई अतीतका पुनःस्मरण गर्नुलाई नवीन ढङ्गले मिथकीय पुनर्लेखन भएको छ।

आफ्ना सबै चाहनाहरू दबाएर सहनशील र मौन बस्ने नारीहरूमा डिप्रेसन बढ्नु, लैङ्गिक विभेदप्रति सजग र बाचाल हुन थाल्नु समकालीन यथार्थ पनि हो। आज पनि मैथिली र मिनाक्षीले भोगेजस्ता नारी विभेद र अस्मितामाथिको उत्पीडनको उस्तै रहे पनि शैली परिवर्तन भएको छ। शब्दकर्म र अर्थआशय फेरिएका छन् तर अक्षतयोनि परीक्षाको प्रचलन नौलो स्वरूपमा यथावत् छ (पृ. १६२)। महिलाका पीडा अभिव्यक्त हुनु, महिलाले उठाउने पहिचान र हक अधिकारप्रतिको सचेततालाई पुरुष मानसिकताले नस्वीकार्ने प्रवृत्ति, डलर–पचाउवादीहरूले भड्काएको, बतासे गफका रूपमा व्याख्या गर्नु(१७०–७१), धार्मिक कट्टरताका विरूद्ध आवाज उठाउनेमाथि धर्मभिरूहरूबाट हुने दुर्व्यवहार र साङ्घातिक आक्रमण, फेसियल, अत्यधुनिक मेकअपका सौन्दर्य प्रसाधनको चर्चा (पृ.१७३), लेखकहरूका सिर्जनाले नारी(दमित)हरूलाई उक्साएको आरोप लगाउनु, संघसंस्थाको अवधारणा, अपशब्द प्रयोग वा स्लट सेमिङलाई महिला हिंसा तथा मानव अधिकारको विषय मानिनु समकालीन अवधारणा हुन् :

> ...त्यति मात्र होइन, डिप्रेसनका कारणबारे मिडियामा प्रश्न उठ्नसक्ने पनि निश्चित देखियो। मर्यादा पुरूषोत्तम श्री रामानन्दजीले मेराबारे गरेका निर्णय र परीक्षाहरूबारे महिला आयोगमा केस बन्न सक्ने आशङ्का हुन थाल्यो। विद्वान् धर्मग्रन्थकारहरूको सत्यतामाथि प्रश्न हुने देखियो र धर्मनिष्ठावान्हरूको आस्था बिथोलिन सकिने डर पनि भयो।(पृ.१६१)।

मिडियाको प्रचार, महिला आयोग, अन्तर्राष्ट्रिय संस्थामा पहुँच, मोबाइल, ल्यापटप, फेसबुक सूचना प्रविधिका विषय, विज्ञापनमा मोडलिङ गर्नु (पृ.१७१), कुनै पनि सार्वजनिक स्थान महिलामैत्री नदेखिनु आदिजस्ता समकालीन समयका सान्दर्भिक यथार्थ प्रस्तुत भएको छ ।

प्रस्तुत 'विवस्त्र रामायण' कथामा पात्रगत पुनर्लेखन गरी राजनीतिक अवस्थासँग सान्दर्भिक बनाइएको छ : आधुनिक राष्ट्रवादीहरू देशमा रनामराज्य ल्याउने तयारी गर्दै छन् । तपाईँको दाइले पनि रामराज्य पार्टी खोल्ने कुरा गर्दै छन् अरे पृ.१७१)... । राजनीतिक पार्टी खोलेर रामराज्य बनाउने भन्ने समकालीन राजनीतिमा फस्टाएको विकृत भ्रष्टाचारी प्रवृत्तिमाथिको व्यङ्ग्यका रूपमा आएको छ । मैथिलीको आत्मकथामा अभिव्यक्त कथा अन्य नारीका पनि व्यथा हुन् भने मिनाक्षीले उठाएका समसामयिक विषय वर्तमान युगीन समस्या हुन् । त्यस्तै मिनाक्षीका रामायणका सन्दर्भ र पात्रप्रतिका आलोचनात्मक दृष्टिकोणले समकालीन नारीचेतना र जागरणको प्रतिनिधित्व गरेको देखिन्छ ।

**विवस्त्र रामायण कथामा परम्परित मान्यताको भञ्जन र नवनिर्माण**

प्रस्तुत 'विवस्त्र रामायण' कथाको कथावस्तु र पात्रहरू रामायणको मिथकमा आधारित रहेर तिनलाई विनिर्माण गरिएको छ । परम्परागत रामायणले रामलाई आदर्श पुरुष, सीतालाई आदर्श नारी, शूपर्णखालाई अनैतिक स्त्रीको रूपमा चित्रण गरेको छ । कथाकी पात्र मैथिली पाखण्डी समाजका विरुद्ध विद्रोह गर्न चाहन्छे र नारीको मौन संस्कृतिलाई तोड्न चाहन्छे ।

> अग्रजहरूको सम्मानित उपस्थितिमा पवित्रताको परीक्षा दिन मलाई पुनः उभ्याइएको सपना देखेर आतङ्कित हुन पुगेकी रहेछु त्यस राति । एकहुल रमिते मेरा सतित्व परीक्षक बनेर हल्ला गर्दै उभिएका थिए । सम्पूजनीय पुरुषहरूको अगाडि मलाई अरू पुरुषले छोएको छैन, हेरेको छैन भनेर प्रमाणित गर्नुपर्ने अवस्था फेरि सिर्जित भएको रहेछ । तर उनीहरूको फैसला सुन्नुअघि म परीक्षा बहिस्कार गरेर भाग्ने कोसिस गर्दै थिएँ ।(पृ.१५९)।

परम्पराका केन्द्रक मानिने सम्पूज्य, पुरुष, सभा, सतीत्व, पवित्रता आदि मैथिलीको विद्रोह चेतका कारक हुन् । नारीले सँधैँ पतिको मौन अनुयायी भएर, अग्निपरीक्षा दिएर पवित्रता प्रमाणित हुन्छ भनी स्थापित गरेको परम्परित मान्यताप्रति 'विवस्त्र रामायण' कथाले प्रश्न उठाएको छ । प्रचलित रामायणमा वर्णित राम–सीताको सम्बन्ध साँच्चै वास्तविक आदर्श हो त ? अनि महिलाले आफ्नो यौनेच्छा प्रकट गर्नु पाप नै हो ? भन्ने प्रश्नलाई नारीका दृष्टिकोणबाट पुनर्लेखन गरिने हो भने यसले रामायणलाई विवस्त्र बनाउन सक्ने देखिन्छ । कुनै पनि आदर्श वा सत्यका केन्द्र सर्वकालिक नरहने र सत्य व्यक्तिसापेक्ष हुन्छ भन्ने विनिर्माणको मान्यतालाई 'विवस्त्र रामायण' कथामा प्रयोग गरिएको छ । यस कथाले रामायणमा आदर्श मानिएका राम, सीता, लक्ष्मण, हनुमान, शूपर्णखाजस्ता पात्रहरू शाश्वत् सत्य होइनन् र यी समयले जन्माउने सापेक्षिक पात्र हुन् भन्ने देखिन्छ ।

दुई पाइला हिँडेपछि फरक्क फर्की र हाँस्दै भनी, 'अब शूर्पणखा भेट्न जङ्गल जान पर्दैन । अहिले त के गाउँ र के सहर ? मलाई भेट्न सजिलै छ । म त यत्र–तत्र, सर्वत्र भेटिन्छु । तपाईँ भेट्ने इच्छा मात्रै गर्नुहोस्, म हाजिर हुन्छु ।'(पृ. १८०)

केही सोचेर फेरि फर्की र भनी, 'बाइ द वे, पहिला आफ्नो मनको कुरा भन्दा म दण्डित हुन पुगेकी थिएँ । अब त मैथिली पनि आफ्नो मनको बह पोख्दैछिन् । के गर्नुहुन्छ अब ? उसलाई पनि दण्ड दिनुहुन्छ ? फेरि दण्ड दिँदा मैथिली र मिनाक्षीबीच फरक नरहला ! अनि, दण्ड नदिँदा पनि नैतिक नियमहरू भत्किने डर ! राम्ररी विचार पुऱ्याउनुहोस् है । ल, म त हिँडेँ । बाई ।'(पृ. १८०)

समयक्रममा पात्रका नाम परिवर्तन भए पनि चरित्र र प्रवृत्तिको भिन्नभिन्न अवतारमा पुनरावृत्ति हुने सङ्केत गरिएको छ । कुनै पनि सामाजिक, सांस्कृतिक परम्परा, मूल्य–मान्यता, नीति–नियम आदि मानव निर्मिति भएकाले ती भत्किने र नयाँ बन्ने क्रम चलिरहन्छ । यस कथामा परम्परित रूपमा स्थापित एकल प्रभुत्व र नारीप्रतिका जड मान्यतालाई भत्काउँदै समयसापेक्ष नवनिर्माण गर्न पुनर्व्याख्या गर्न आवश्यक ठानी मिथकीय पात्रको पुनर्लेखन भएको छ । त्यसैले 'विवस्त्र रामायण' कथामा पात्रको पुनर्लेखन गर्दा व्यक्तित्व, विचार, आदर्श, मान्यता आदिका पुनर्व्याख्याले परम्पराको भञ्जन भई नयाँपन देखिनु नै विनिर्माण प्रवृत्ति हो ।

**निष्कर्ष**

प्रस्तुत लेखमा 'विवस्त्र रामायण' कथाको पात्रको पुनर्लेखनमाथि छलफल गरिएको छ । यस लेखमा मूल ग्रन्थ रामायणका आधारमा केकसरी पात्रहरूको पुनर्लेखन भएको छ र त्यसले कथामा कस्तो महत्त्व राखेको छ भन्ने प्राज्ञिक जिज्ञासामाथि केन्द्रित रहेर कथाको अध्ययन विश्लेषण गरिएको छ । 'विवस्त्र रामायण' कथामा वाल्मीकि रामायणले रामको जीवनवृत्तलाई केन्द्रमा राखेर निर्माण गरेको आदर्श र मर्यादाका परिभाषालाई नारीका फरक कोणबाट पुनर्व्याख्या गरिएको निष्कर्ष प्राप्त भएको छ । रामायणका लुकेका सन्दर्भलाई पात्रीय पुनर्लेखनका माध्यमबाट प्रस्तुत गर्ने क्रममा सीताका जीवन भोगाइलाई मैथिलीको आत्मकथामार्फत भिन्न रूपमा पुनर्व्याख्या भएको छ । रामायणमा सीमान्तकृत बनाइएका पात्रको प्रतिनिधि शूपर्णखालाई मिनाक्षीका रूपमा उभ्याएर मिथकीय घटना चरित्रलाई युगीन यथार्थसँग जोड्दै समसामयिक र समय सान्दर्भिक पुनर्व्याख्या गरेको पाइन्छ । 'विवस्त्र रामायण' मा पात्रका नामिक रूपान्तरण, अधिआख्यानको प्रयोग, रहस्यमयता, पात्रका भाषिक प्रयोगमा नवीनता, वैचारिक प्रखरता विविधता, विनिर्माणिक शिल्प शैली, युगीन चेतना र परिवेशमा भिन्नता र स्वाभाविकता जस्ता पक्षले मिथकीय पुनर्लेखनलाई औचित्यपूर्ण बनाएको निष्कर्ष रहेको छ । शाश्वत् सत्यका रूपमा स्थापित कतिपय घटना, चरित्र, अर्थमा पनि समयसापेक्ष परिवर्तन हुने र दबिएका, हेपिएका, चेपिएकाका फरक कोणबाट तिनलाई समकालीन सन्दर्भमा भिन्न तरिकाले व्याख्या गरी लुप्त अर्थको खोजी गर्नु आवश्यक रहेको छ भन्ने कथाको सार देखिन्छ । समग्रमा 'विवस्त्र रामायण' समकालीन नेपाली कथामा परम्परागत ढाँचाभन्दा फरक शैलीमा पात्रका मिथकीय पुनर्लेखनद्वारा कल्पना र यथार्थको मिश्रण गरी तयार पारिएको कथा हो ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, ज्ञानु (सम्पा.) (२०७६), *प्रज्ञा समकालीन नेपाली कथाविमर्श*, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

इस्माली र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०७२), *प्रज्ञा आधुनिक नेपाली कथा* भाग–४, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

इस्माली र गौतम, लक्ष्मणप्रसाद (सम्पा.) (२०७२), *प्रज्ञा आधुनिक नेपाली कथा* भाग–५, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

खतिवडा, लेखराज र भण्डारी, महेन्द्र (२०७७), *आधुनिक नेपाली कथाका उत्तरवर्ती चरणका प्रवृत्ति*, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास*, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

थापा, अर्चना (२०७४), *कठपुतला,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल।

भट्टराई, गोविन्दराज (२०६१), *आख्यानको उत्तरआधुनिक पर्यावलोकन*, काठमाडौँ : रत्न पुस्तक भण्डार।

मोरारु, क्रिस्चियन (सन् २००१), *रिराइटिङ : पोस्टमोर्डन न्यारेटिभ एन्ड कल्चरल क्रिटिक इन द एज अफ क्लोनिङ,* अल्बानी : स्टेट युनिभर्सिटी अफ न्युयोर्क।

रेग्मी, सनत र भाउपन्थी (सम्पा.) (२०६८), *कथाविमर्श,* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

शर्मा, विन्दु (सम्पा.)(२०७४), *समसामयिक नेपाली प्रगतिवादी कथा,* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०६६), *अभिनव कथाशास्त्र,* काठमाडौँ : पालुवा प्रकाशन प्रा.लि.।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार*, काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।